रामग्राम नगरपालिका

# स्थानीय राजपत्र

खण्ड ४ रामग्राम, फाल्गुन २० गते, २०७८ साल संख्या ५

**भाग-१**

## रामग्राम नगरपालिकाको आर्थिक ऐन, २०७८ (पहिलो संशोधन)

सभाबाट स्वीकृत मितिः २०७८।११।२०

**प्रस्तावनाः रामग्राम नगरपालिकाको आर्थिक वर्ष २०७८।०७९ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम रामग्राम नगर सभाले यो ऐन बनाईएको छ।**

१. आर्थिक ऐनको दफा १६ को उपदफा ४ को सट्टामा देहायको उपदफा ४ रहनेछ।

हालसम्म दर्ता नभएका व्यवसायहरुको लागि नगरपालिकाबाट निश्चित समय सिमा तोकी सूचना प्रकाशन गरेको मिति सम्म दर्ता हुन आएमा आएको मिति देखि व्यवसाय कर गणना गरिनेछ र सो भन्दा अघिको सबै कर, वक्यौता एवं जरिवाना मिनाहा हुनेछ।

२. आर्थिक ऐनको अनुसूची ६ (पुँजी नखुल्ने सेवा तथा व्यवसाय अन्तर्गतको वित्तिय संस्थामा देहायको व्यवस्था थप गरिएको छ।

क) सहकारी संस्था दर्ता शुल्क रु १,०००।-
ख) कृषि सहकारी संस्था नविकरण तथा व्यवसाय कर रु १,०००।-
ग) अन्य सहकारी संस्था नविकरण तथा व्यवसाय कर रु ५,०००।-

३. आर्थिक ऐनको अनुसूची ८ को वार्षिक सवारी कर अन्तर्गत देहायको व्यवस्था थप गरिएको छ।

क) अटो रिक्सा दर्ता शुल्क रु. २००।-
ख) रुट ईजाजत पत्र शुल्क रु. ५००।-

४. आर्थिक ऐनको अनुसूची १२ को साप्ताहिक हाटबजार शीर्षक अन्तर्गत देहायका व्यवस्था थप गरिएको छ।

**पशु हाटबजार बैठकी कर**

क) प्रति भैसी राँगा रु २५०।-
ख) प्रति भेडा बाखा रु २००।-

५. आर्थिक ऐनको अनुसुची १२ को भौतिक संरचनाको वर्गीकरण अन्तर्गत देहायका संशोधन गरिएको छ।

**सहरी क्षेत्र "क" वर्गका लागि**

क) आर. सी. सी. सिमेन्टमा बज्रको जोडाईमा प्रति वर्गफुट
ख) पक्कि इट्टा वा ढुगां सिमेन्टको जोडाईमा प्रति वर्गफुट
ग) माटोको जोडाईमा इट्टा वा ढुगांको गारो आर.सि.सि. आर.वि.सि.जस्ता सेड निर्माण वर्ग फुट

**ग्रामिण क्षेत्र “ख” वर्गका लागि**

क) आर.सि.सि. सिमेन्टमा बज्रको जोडाईमा प्रति वर्ग फुट
ख) पक्कि ईट्टा वा ढुंगामा सिमेन्टको जोडाईमा प्रति वर्ग फुट
ग) माटोको जोडाईमा इट्टा वा ढुगांको गारो आर. सि.सि. आर. वि.सि. जस्ता सडक निर्माण प्रति वर्ग फुट

**व्यवसायिक क्षेत्र “ग” वर्गका लागि**

क) आर. सि. सि. सिमेन्टमा बज्रको जोडाइमा प्रति वर्ग फुट
ख) पक्कि इट्टा वा ढुंगा सिमेन्टको जोडाईमा प्रति वर्ग फुट
ग) माटोको जोडाईमा इट्टा वा ढुगांको गारो आर. सि.सि. , आर.वि.सि. जस्ता सेड निर्माण वर्ग फुट

६.आर्थिक ऐनको **अनुसूची-६को(ख)मा निर्माण व्यवसायी फर्म** शीर्षक अन्तर्गत देहायको व्यवस्था थप गरिएको छ ।

क) घ वर्गको इजाजत पत्र नामसारी रु १०,०००।-

प्रमाणीकरण मितिः २०७८/११/२०

आज्ञाले
राकेश पाण्डे
प्रमुख प्रशासकीय अधिकृत